# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ०८ संख्याः११ मितिः२०८२/०१/०४

भाग २

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## विपन्न कृषकहरूलाई वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रम कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मिति-२०८१/१२/३०

# विपन्न कृषकहरूलाई वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रम कार्यविधि २०८१

बन्दीपुर गाउँपालिका भित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुको वंगुर/सुँगुर पालन को माध्यमबाट आर्थिक स्तर उकास्नका लागि उन्नत जातको वंगुर/सुँगुरको पाठापाठी गाउँपालिकाको तर्फबाट निःशुल्क रुपमा वितरण गर्न बाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बन्दीपुर गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

१. संक्षिप्त नाम

(क) यो कार्यविधिको नाम बिपन्न कृषकहरुलाई वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्य सञ्चालन कार्यविधि २०८१ रहने छ ।

(ख) कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा

(क) "अनुदान" भन्नाले कार्यक्रम संचालनका लागि गाउँपालिका वाट प्रदान गरिने रकमलाई जनाउने छ।

(ख) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ ।

(ग) "कार्यविधि" भन्नाले बिपन्न कृषकहरुलाई वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रम सञ्चालन कार्यविधि २०८१ लाई जनाउने छ।

(घ) "कृषक समूह" भन्नाले बन्दीपुर गाउँपालिका भित्रका स्थायी बसोबास गर्ने कम्तीमा १० जना र बढीमा १५ जना बिपन्न कृषकहरु प्रचलित कानून बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेख भई बनेको कृषक समूहलाई जनाउने छ।

(ङ) "विपन्न कृषक" भन्नाले भूमी व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय गरिब घर पहिचान कार्यक्रम मार्फत गरिब घर परिवार भनेर पहिचान गरेको वा सो नभएको अवस्थामा वडा कार्यालयको सिफारिसमा दफा ४ को उपदफा १ बमोजिमको समितिले गरिब परिवार भनि प्रमाणित गरिएको परिवारलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले बन्दीपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "बीमा" भन्नाले वंगुर/सुँगुरको पाठापाठीलाई बीमा गरेको सम्झनु पर्दछ ।

(ज) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ।

(झ) "अध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ञ) "उपाध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

३. उद्देश्यहरुः

यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) जातिय प्रतिस्थापन, नश्ल सुधार र छनोट विधिको माध्यमबाट वंगुर/सुँगुरको पाठापाठीको उत्पादन र उत्पादकत्व बढ़ाउने ।

(ख) निर्वाहमुखि बगुर/सुँगुरपालन व्यवसायलाई व्यवसायिक वंगुर/सुँगुरको पाठापाठी पालन तर्फ अगाडी बढाउने ।

(ग) मासु तथा मासुजन्य पदार्थमा स्थानीय स्तरमा आत्मनिर्भरता हासिल गर्ने राज्यको लक्ष्य प्राप्तिमा टेवा पुर्याउने ।

(घ) वंगुर/सुँगुरको पाठापाठी उपलब्धता भएको १ वर्ष देखि १८ महिना भित्रमा अनिवार्य रूपमा वंगुर/सुँगुरको पाठापाठी साटासाट (फिर्ता) गर्ने प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

**४. कार्यक्रमको कार्य क्षेत्र तथा व्यवसाय छनोटः-**

विपन्न कृषकहरूलाई वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रममा लाभग्राही छनोट गर्दा देहाय बमोजिमको मापदण्ड अवलम्वन गर्नुपर्नेछ ।

(क) कार्यक्रममा दोहोरोपन नपरेको विपन्न कृषक समूह हुनुपर्नेछ ।

(ख) रोजगारीको अन्य स्थाई स्रोत नभएको र बन्दीपुर गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

(ग) कार्यक्रम हुने वडा कार्यालयको अनिवार्य रूपमा सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(घ) महिला दलित सामाजिक रूपमा पिछडिएको वर्गको हितलाई विशेष प्रथामिकता दिइनेछ ।

(ङ) छनोट भएका विपन्न कृषक/ कृषक समूहका सदस्यहरूले वंगुरको पाठापाठी पाएको १ वर्ष देखि १८ महिना भित्र अन्य समूहका सदस्यहरूलाई वंगुर/सुँगुरको पाठापाठी (फिर्ता) गर्नुपर्नेछ ।

**५. कार्यक्रम निर्देशक छनोट समितिः**

कार्यक्रममा विपन्न कृषक समूह छनोट तथा प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको कार्यक्रम निर्देशक तथा छनोट समिति गठन गरिने छ ।

(क)अध्यक्ष - संयोजक

(ख)उपाध्यक्ष- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) आर्थिक विकास समिति संयोजक – सदस्य

(ङ) पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख – सदस्य सचिव

६. दफा ५ बमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) गाउँपालिकामा पर्ने आएका निवेदनहरूको मूल्याङ्कन गरि मापदण्ड पुगेको विपन्न कृषक समूह सदस्यहरूलाई कार्यक्रमको लागी छनोट गर्ने ।

(ख) संचालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन मूल्याङ्कन गर्ने वा गराउने ।

(ग) संचालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थान गर्ने ।

७. दफा ५ बमोजिम गठित समूहको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले मिति, समय, र स्थान तोकी बोलाउनु पर्नेछ ।

ख) बहुमत सदस्यहरूको उपस्थितिलाई बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

ग) समितिको बैठक सर्वसम्मतको निर्णयको आधारमा गरिनेछ ।यदि सर्वसम्बत हुन नसकेमा वहुमत सदस्य सङ्ख्या को आधारमा निर्णय गर्न सकिनेछ।

घ) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ वा सरोकारवालाहरूलाई वैठक आमन्त्रण गर्न सक्नेछ ।

ङ) समितिको वैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. लागत अनुमान तथा सम्झौताः**

(१) दफा ५ बमोजिमको समितिले छनोट गरेका विपन्न कृषक परिवारलाई आवश्यक कागजात सहित सम्झौता गर्न आउनका लागी गाउँपालिकाले सात दिनको अवधि तोकि सूचना गर्नेछ ।

(२) तोकिएको म्याद भित्र आएका विपन्न कृषक समूहले संचालन गर्ने कार्यक्रमको लागतको लागि आश्यक परेमा सम्बन्धित प्राविधिक कर्मचारी समेतको सहयोग लिन सक्नेछन ।

(३) तोकिएका म्याद भित्र आएका विपन्न कृषक समूह संग सम्झौता भएपछि दोस्रो पक्ष भनिने विपन्न कृषक समूहले आफै अनुसूचि ५ बमोजिमको मापदण्डको अधिनमा रहि वंगुर/सुँगुरको पाठापाठी खरिद र वंगुर/सुँगुरको पाठापाठीको अनिर्वाय रूपमा बीमा गर्नुपर्नेछ ।

(४) सम्झौता बमोजिमको कार्यसम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित नियमानुसार समूहको वैक खातामा रकम भुक्तानी गरिने छ ।

## परिच्छेद २

## कार्यक्रममा संचालन गरिने कृयाकलापहरू

९. अनुदान रकमको परिचालन :

(क) अनुदानको रूपमा प्रदान गरिने रकम प्रत्येक विपन्न कृषक समूहलाई सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात प्रति वंगुर/सुँगुरको पाठापाठी तोकिय बमोजिम मापदण्डको अधिनमा रहि अधिकतम रू ६,५००।–(अक्षरूपि छ हजार पाँच सय मात्र) उपलब्ध गराउन पर्नेछ ।

(ख) वितरण गरेको वंगुर/सुँगुरको पाठापाठी बीमा दोस्रो पक्षले गर्नुपर्नेछ र बीमा बापत लागेको खर्च प्रथम पक्षले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रमको अनुगमन ,मूल्याङ्कन तथा प्रतिवेदन

१०. कार्यक्रमको अनुगमन ,मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थाः

(क) कार्यक्रमको अनुगमन गाउँपालिका वडा कार्यालय, पशुपन्छी तथा मत्स्य विकास शाखा तथा योजना अनुगमन तथा मूल्याङ्कन समितिद्धारा गरिने छ ।अनुगमन पश्चात मात्र भुक्तानीको व्यवस्था गरिने छ ।

(ख) संचालित कार्यक्रम समितिले जुनैसुकै बेलामा अनुगमन, निरिक्षण तथा निर्देशन गर्न सक्नेछ ।

(ग) उपदफा (क) र (ख) बमोजिम अनुगमन तथा निरिक्षण प्रतिवेदन बन्दीपुर गाउँपालिकामा बुझाउनु पर्नेछ ।

### कार्यक्रमको प्राविधिक मूल्याङ्कन जाँच पास र फरफारकः

(१) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्य सम्पन्न भए पछि विपन्न कृषक समूहले आवश्यक विल भरपाई लगाएत आवश्यक कागजात सहित गाउँपालिकामा भुक्तानीको लागी पेश गर्नु पर्नेछ ।

(२) कृषक समूहले निवेदन प्राप्त भए पछि पशुपन्छी तथा मत्स्य विकास शाखाका कर्मचारीले स्थलगत रूपमा सम्झौता भए बमोजिम कार्य भए नभएको मूल्याङ्कन गरि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३)कृषक समूहले पेश गरेको कार्य सम्पन्नको प्रतिवेदन, खरिद गरेको वंगुर/सुँगुरको पाठापाठीको विल भरपाई, फोटो र विमा गरेको आवश्यक कागजातहरू, सम्बन्धित वडा कार्यालय तथा पशुपन्छी तथा मत्स्य विकास शाखा तथा पालिकास्तरीय योजना तथा अनुगमन समितिको सिफारिसको आधारमा प्रचलित नियमानुसार बन्दीपुर गाउँपालिकाले बिपन्न कृषक समूहको वैक खातामा अनुदान रकम भुक्तानी गरिने छ । समूहका सदस्यहरूले वंगुर/सुँगुरको पाठापाठी बुझेको सक्कलै भरपाई प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

परिच्छेद ४

**१२. कार्यक्रम संचालन सम्बन्धि व्यवस्था**

१. कार्यक्रमको अवधिः चालु आ.व. २०८१/०८२ को अषाढ मसान्त सम्म रहने छ । यो कार्यक्रम भने निरन्तर रूपमा चलिरहनेछ । वंगुर/सुँगुरको पाठापाठी पाएको मितिले १ वर्ष देखी १८ महिना भित्रमा अर्को समूह/कृषकहरूलाई वंगुर/सुँगुरको पाठापाठी अनिवार्य रूपमा साटासाट (फिर्ता) गर्नु पर्नेछ ।

२. अनुदान रकम बाट संचालन गर्न सकिने क्रियाकलापः- बन्दिपुर गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाबाट विनियोजीत रकम गाउँपालिका भित्रको समूहमा वंगुर/सुँगुरको पाठापाठी खरिद तथा बीमा कार्यक्रम प्रयोग गर्न सक्नेछन् । कार्यक्रम संञ्चालन सम्बन्धि सूचना अनुसूची १ बमोजिमको २१ दिने सूचना जारी गर्नु पर्नेछ ।

३. समूह गठन गर्दा अनुसूची २ अनुसारको विवरण तयार गर्ने र एउटै टोल समुदायको कम्तीमा १० जना तथा बढीमा १५ जना कृषक रहनेगरी समूह गठन गर्नु पर्नेछ। संख्या अपुग भएमा पायक पर्ने अर्को टोल समुदायको कृषक समेत समावेश गराउने र गठित समूहको विधान बमोजिम सम्बन्धित निकायमा दर्ता हुनु पर्नेछ ।

४. अनुसूची ३ अनुसारको निवेदन दिनुपर्ने छ ।

५. अनुसूची ४ अनुसारको मूल्याङ्कन मापदण्ड हुनेछ ।

६. सम्झौता ः- अनुसूची ६ अनुसार दुईपक्षीय सम्झौता गरि कार्यकम संचालन गर्ने।

७. शर्तहरु ः- वंगुर/सुँगुरको पाठापाठीमा हुनुपर्ने गुणहरु अनुसूची ५ अनुसार हुनुपर्ने छ ।

८. कारवाहि सम्बन्धि व्यवस्थाः- यो कार्यविधि बमोजिम अनुदान दरूपयोग भएको पाएमा प्रचलित कानून बमोजिम कारबाहि गरि दोस्रो पक्ष बाट असुल उपर गरिनेछ ।

९. बाधा अड्काउ फुकाउः- यो कार्यविधि बमोजिम कार्यसम्पन्न गर्न कुनै बाधा अड्काउ पारेमा बन्दिपुर गाउँपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. खारेजीः- यस अघिको विपन्न वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रम कार्यविधि २०८१ खारेज गरिएको छ ।

आज्ञाले
यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

सूचना नं.

सूचना प्रकाशित मिति

आ.व. .................... मा बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बन्दीपुर तनहुँमा वंगुर/सुँगुरको पाठापाठी (फिर्ता) कार्यक्रम संञ्चालन गर्नु पर्ने भएकोले इच्छुक विपन्न कृषक समूहहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ..... .......२१ औं दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसूची ३ अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सरकारवाला सवैमा यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजात हरू

क) अनुसूची ३ वमोजिमको निवेदन ।

ख) वडा कार्यालयको सिफारिस पत्र ।

ग) कृषक समूहको प्रमाण पत्र तथा कार्यक्रममा आवद्द हुने कृषकहरूको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

घ) स्थाइ लेखा नं. प्रमाणपत्रको प्रतिलिपी ।

ङ) वंगुर/सुँगुरको पाठापाठी उपलब्ध भएको १ बर्ष देखि १८ महिना भित्र वंगुर/सुँगुरको पाठापाठी फिर्ता गर्ने प्रतिवद्धता पत्र (एक पटकको लागी मात्र)

## अनुसूची-२

## कार्यक्रममा आबद्ध कृषकको व्यक्तिगत विवरण

कार्यक्रममा आबद्ध कृषकको विवरण :

समूहको नामः

ठेगाना :

| सि.न. | कृषकको नाम | ठेगाना | उमेर | परिवार संख्या | बिद्यमान बाख्राको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भाले | पोथी | पाठा | पाठी | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची ३

विपन्न कृषक समूहमा वंगुर/सुँगुरको पाठापाठी मागका लागी आवेदन फारम

मितिः

श्री प्रमुख ज्यू

बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर ,तनहुँ ।

विषयः- वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे ।

प्रस्तुत विषयमा हामी तपसिल बमोजिमका विपन्न कृषक समूहका सदस्यहरू यस .............................. जिल्लाको ............... गा.पा भित्र कमान्ड क्षेत्र रहने गरि विपन्न कृषक समूहमा वंगुर/सुँगुरको पाठापाठी कार्यक्रम संञ्चालन गर्ने इच्छुक भएकाले उक्त कार्यक्रममा क्षेत्र निर्धारण गरिदिनु हुन यो निवेदन पेश गरेका छौ ।

निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू

क) निवेदन

ख) वडा कार्यालयको सिफारिस पत्र ।

ग) समूहको प्रमाण पत्र तथा कार्यक्रममा आवद्द हुने कृषकहरूको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र अनुसूचि २ बमोजिम सदस्यको विवरण

घ) स्थायी लेखा नं.प्रमाणपत्रको प्रतिलिपी ।

निवेदक

संस्थाः

ठेगानाः

अनुसूची ४

विपन्न कृषक समूहमा वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रमको मूल्याङ्कन मापदण्ड

| क्र.स | सूचकाङ्क आधार | अधिकतम |
|---|---|---|
| १. | सम्भावित लाभान्वित संख्या | २० |
| २. | प्रस्तावित बाली बस्तुको क्षेत्रफल संख्या विस्तारको संम्भावना | २० |
| ३. | बाली वस्तुको प्राविधिक एवं भौगलिक उपयुक्तता | २० |
| ४. | रोजगारी सृजना संख्या | २० |
| ५. | प्रस्तावित कमान्ड क्षेत्रको क्षेत्रफल / संख्या | २० |

नोटः- निर्देशक समितिले आवश्यकता अनुसार मूल्याङ्कन मापदण्डलाई वृस्तृतीकरण गरि सोहि अनुसार मूल्याङ्कन गर्न सक्नेछ ।

अनुसूची-५

वंगुर/सुँगुर साटासाट कार्यक्रमको वंगुर/सुँगुरको पाठापाठीको मापदण्ड

(क) वंगुर/सुँगुरको पाठापाठी हुनुपर्ने गुणहरुः

१. एक बेतमा बढिमा १० देखी १२ पाठापाठी जन्माउने माउ वंगुरको सन्तान हुनुपर्ने ।

२. एक बर्षमा २ पटक भन्दा बढी अर्थात २ वर्षमा ५ पटक ब्याउन सक्ने क्षमता हुनुपर्ने ।

३. पहिलो पटक व्याउने उमेर बढीमा ९ महिना हुनुपर्ने ।

४. वयस्क भालेको तौल ३०० देखि ४०० के.जी र पोथीको औसत तौल २५० देखि ३०० के.जी सम्मकोबाट बाटजन्मेको हुनुपर्ने ।

(ख) प्रजनन योग्य सुँगुर,(च्वाँचेमा) हुनुपर्ने गुणहरुः

१. एक बेतमा बढिमा ६ देखी ७ पाठापाठि जन्माउने माउ सुँगुर, (च्वाँचे) को सन्तान हुनुपर्ने ।

२. औषतमा १० देखि ११ महिनामा पहिलो वेत ब्याउँने । र पोथि सुँगुरमा ८ देखि १२ वटा थुन हुनुपर्ने ।

३. वयस्क भालेको तौल २२ देखि ३४ के.जी हुनुपर्ने छ ।

४. बच्चाको जन्म तौल सरदर ५०० ग्राम देखि ४५ दिनमा दुध छुटाउदाको तौल २.६ के.जीको हुनुपर्ने ।

# अनुसूची ६
## सम्झौता पत्रको ढाँचा

बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बन्दीपुर तनहुँ र बन्दीपुर गाउँपालिका वडा नं.... का विपन्न कृषक समूह विच वंगुर/सुँगुरको पाठापाठी साटासाट कार्यक्रम संचालनका लागि भएको सम्झौता

बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने ) ...............र (यस पछि दोस्रो पक्ष भनिने) का विच आ.व २०८१।०८२ को विपन्न कृषकहरूलाई बंगुर/सुँगुरका पाठापाठी साटासाट (फिर्ता) कार्यक्रम संचालनको लागि अनुदान उपलब्ध गराउने प्रयोजनको लागी तपसिलका सर्तनामाहरू रहने गरि दुई पक्षिय सम्झौता गरिएको छ ।

सर्तनामाहरू

(क) सम्झौता पत्र हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिन्छ ।

(ख) दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भए पछि तत्काल काम शुरू गर्नु पर्नेछ ।

(ग) दोस्रो पक्षले संञ्चालन गर्ने सम्पूर्ण क्रियाकलापहरू प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(घ) दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सम्पन्न गरि वडाको सिफारिस बिल भरपाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गरे पछि प्रथम पक्षले अनुदान रकम वंगुरको हकमा प्रति पाठापाठी बढीमा रू. ६,५००।– र सुँगुरको हकमा स्थानीय बजार दरभाउ को आधारमा रकम उपलब्ध गराईनेछ।पाठापाठीको बीमा दोस्रो पक्षले गर्नुपर्नेछ र वीमा बापत नियमानुसारको रकम बीमाको काजजातको आधारमा प्रथम पक्षले दोस्रो पक्षलाई समूहको बैक खातामा भुक्तानी गरिने छ ।

(ङ) दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति २०८१।.....।... सम्पन्न गरि भुक्तानीको लागि आवश्यक कागजात सहित प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

(च) कार्यक्रम सम्बन्धि दोस्रो पक्ष र प्रथम पक्ष बिच कुनै विवाद आएमा बन्दीपुर गाउँपालिकाको अन्तिम निर्णय हुनेछ ।

(छ) दोस्रो पक्षको लापरबाहिको कारण बाट कार्य सम्पन्न नभइ हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

(ज) दोस्रो पक्षले कार्यक्रम सुरू गर्नु भन्दा पुर्व, कार्यसंञ्चालन हुदै गरेको र काम समाप्त भइसके पछिको फोटाहरू अन्तिम भुक्तानीको लागी पेश गरिने विल भरपाईको साथमा अनिवार्य रूपमा संग्लन गर्नु पर्नेछ ।

(झ) कार्यक्रमको लागत इष्टिमेट

| क्र.स | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा रू. | | | | | | |

(ञ) प्रथम पक्षले जुन सुकै बेला पनि कार्यक्रम निरीक्षणम गर्न सक्नेछ । प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रूपमा उपलब्ध गराउनु पर्दछ ।

(ट) गाउँपालिका बाट निरीक्षणमा जाने प्राविधिकलाई निरिक्षक र अनुगमनमा दोस्रो पक्षले आवश्यक सहयोग गनुपर्नेछ ।

(ठ) दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानीको लागी प्रथम पक्ष बाध्य हुने छैन ।

(ड) यस सम्झौतामा रहेका सर्तहरू यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(ढ) पहिलो पक्षले दोस्रो पक्षलाई प्रति सदस्य  वंगुर/सुँगुरको पाठापाठी उपलब्ध गराउनु पर्नेछ ।पाठापाठी खरिद र बीमाको काम दोस्रो पक्षले गर्नुपर्नेछ र बीमा गरे बापतको नियमानुसारको रकम भने प्रथम पक्षले उपलब्ध गर्नुपर्नेछ।

(ण) दोस्रो पक्षले पहिलो पक्ष बाट प्राप्तगरेको वंगुर/सुँगुरको बाट जन्मेको एक वटा पाठापाठी अर्को गठित समुहका सदस्यलाई १ वर्ष देखि १८ महिना भित्रमा वंगुर/सुँगुरको पाठापाठी साटासाट (फिर्ता) गर्नु पर्नेछ । (१ पटकको लागि मात्र)

(त) पहिलो पक्षले नियमितरुपमा दोस्रो पक्षको कार्यक्रमको अनुगमन गर्नेछ ।

(थ) यस संझौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मीक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन । र सोको जानकारि पहिलो पक्षलाई तुरुन्त लिखित रुपमा जानकारि गराउनु पर्नेछ ।

(द) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम बमोजिम हुनेछ ।

(ध) वितरण गरेको वंगुर/सुँगुरको पाठापाठीको अनिवार्य रूपमा विमा गर्नुपर्नेछ ।

| दोस्रो पक्ष | पहिलो पक्ष |
| --- | --- |
| कृषक समूहको तर्फ बाट | बन्दिपुर गाउँपालिका कार्यालयको तर्फ बाट |
| नाम : | |
| ठेगानाः | नामः- |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः- |
| संस्थाकोको छापः | सम्पर्क न. |
| | कार्यालयको छापः |

रोहवर

| | पशुपन्छी तथा मत्स्य विकास शाखाको तर्फ बाट |
| --- | --- |
| नामः | नाम :- |
| ठेगानाः | ठेगानाः- |
| दस्तखतः | दस्तखतः- |
| मितिः | मितिः - |